# स्थानीय- राजपत्र

भरतपुर महानगरपालिकाद्वारा प्रकाशित

खण्डः १ | संख्याः ६३ | मितिः २०७८/०७/३०


भाग-२

## महिला स्वास्थ्य स्वयंसेविकाहरुका लागि चाडबाड खर्च प्रदान गर्ने कार्यविधि,२०७८

## भरतपुर महानगरपालिका

नगर कार्यपालिकाको कार्यालय

भरतपुर, चितवन ।

बागमती प्रदेश, नेपाल

## महिला स्वास्थ्य स्वयंसेविकाहरुका लागि चाडबाड खर्च प्रदान गर्ने कार्यविधि, २०७८

कार्यपालिकाबाट स्वीकृत मिति : २०७८।०७।३०

### प्रस्तावना

भरतपुर महानगरपालिका भित्र सेवारत रहेका महिला स्वास्थ्य स्वयंसेविकाहरुको कार्यप्रगतीमा सुधार ल्याउनका लागि चाडबाड खर्च प्रदान गरी प्रोत्साहन गर्न वान्छनिय रहेकोले महिला स्वास्थ्य स्वयंसेविकाहरुका लागि चाडबाड खर्च प्रदान गर्ने कार्यविधि, २०७८ तयार गरी लागू गरिएको छ । भरतपुर महानगरपालिकाको जनस्वास्थ्य ऐन, २०७७ को दफा ३३ (२) अनुसार यो कार्यविधि जारी गरिएको छ ।

### परिच्छेद १

### प्रारम्भिक

**१) संक्षिप्त नाम र प्रारम्भ**

१. यस कार्यविधिको नाम महिला स्वास्थ्य स्वयंसेविकाहरुका लागि चाडबाड खर्च प्रदान गर्ने कार्यविधि, २०७८ हुनेछ ।

२. यो कार्यविधि कार्यपालिकाले निर्णय गरेको मितिबाट प्रारम्भ हुनेछ ।

**२) परिभाषा**

विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस मापदण्डमाः

(क) "महानगरपालिका" भन्नाले भरतपुर महानगरपालिकालाई सम्झनुपर्दछ ।

(ख) "कार्यविधि" भन्नाले महिला स्वास्थ्य स्वयंसेविकाहरुका लागि चाडबाड खर्च प्रदान गर्ने कार्यविधि, २०७८ सम्झनुपर्दछ ।

(ग) "महिला स्वास्थ्य स्वयंसेविका" भन्नाले भरतपुर महानगरपालिका अन्तर्गत कार्यरत महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका सम्झनुपर्दछ ।

### परिच्छेद २

### महिला स्वास्थ्य स्वयंसेविकाहरुका लागि चाडबाड खर्च प्रदान गर्ने आधारहरु

**३) महिला स्वास्थ्य स्वयंसेविकाहरुका लागि चाडवाड खर्च प्रदानका प्रमुख उद्देश्यहरु**

१) भरतपुर महानगरपालिका भित्र सेवारत महिला स्वास्थ्य स्वयंसेविकाहरुका लागि थप प्रोत्साहन हुने ।

२) समुदाय स्तरमा मातृ, नवशिशु एवं बाल स्वास्थ्य लगायतका स्वास्थ्य सेवामा अपेक्षित सुधार हुने ।

प्रमुख

४) महिला स्वास्थ्य स्वयंसेविकाहरुका लागि चाडबाड खर्च प्रदान गर्ने आधारहरु

देहायबमोजिम आधारमा महिला स्वास्थ्य स्वयंसेविकाहरुका लागि चाडबाड खर्च प्रदान गर्ने ।

१) भरतपुर महानगरपालिका अन्तर्गत सेवारत रहेको हुनुपर्ने ।

२) महिला स्वास्थ्य स्वयंसेविकाको मासिक प्रतिवेदन नियमित पेश गरेको हुनुपर्ने ।

३) सम्वन्धित स्वास्थ्य संस्थाबाट सिफारिश भएको हुनुपर्ने ।

५) महिला स्वास्थ्य स्वयंसेविकाहरुका लागि चाडवाड खर्च रकम

१) चाडवाड खर्च वापत एकमुष्ट रकम रु.६,०००।– अक्षरुपी छ हजार रुपैंया प्रदान गरिनेछ । यस बमोजिमको रकममा नियमानुसार कर कट्टी गरिनेछ ।

६) महिला स्वास्थ्य स्वयंसेविकाहरुका लागि चाडवाड खर्च रकम प्रदान गर्ने प्रक्रिया

१) स्वास्थ्य संस्थाहरुले महिला स्वास्थ्य स्वयंसेविकाको नियमित सेवा र सो को प्रतिवेदन मासिक रुपमा पेश गरेको खुलाई सिफारिश साथ जनस्वास्थ्य प्रवर्द्धन शाखामा पठाउने ।

२) प्राप्त कागजातहरुको आधारमा जनस्वास्थ्य प्रवर्द्धन शाखाले यकिन विवरण सहित प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने ।

३) प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत भए पश्चात महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई चाडवाड खर्च रकम प्रदान गर्ने ।